# लोक्ताबाट नेपाली कागज उत्पादन गर्ने उद्योग

## परिचय

लोक्ताबाट नेपाली कागज उत्पादन गर्ने उद्योगहरुले देश तथा बिदेशमा लोक्ता कागजबाट निर्मित घरायसी तथा हस्तकलाका सामानहरुको आपुर्ति गरिरहेका छन् । हाल आएर लोक्ता कागजबाट निर्मित हस्तकला तथा घरायसी बस्तुहरुको माग बिदेशमा निकै बढेकोले यस्ता उद्योगहरु बिदेशी मुद्रा आर्जन गर्ने श्रोतको रुपमा देखिएको छ ।  त्यसैले यस्ता उद्योगहरुको माग देशमा बढदै गइरहेको छ । । यस्ता उद्योगहरुबाट गाउंको कच्चा पदार्थहरुको राम्रो उपयोग हुनगएको छ भने ग्रामीण भेगमा तथा सहरमा पनि ठुलो रोजगारीको अवसर प्रदान गर्दै आएको सर्व विदितै छ । लोक्ताबाट नेपलाी कागज उत्पादन गर्ने उद्योग खोल्ने उद्यमीहरुलाई यस विभाग वा मातहतका कार्यालयहरुबाट स्कीमको नमूना प्राप्त होस भन्ने आशयले यस विभागबाट स्कीम निर्माण गरिएको हो ।

लोक्ताबाट नेपाली कागज उत्पादन गर्न आवश्यक पर्ने यन्त्र तथा उपकरणहरु, विद्युत शक्ति इन्धन, वार्षिक उत्पादन क्षमता, आदिका बारेमा उद्योग खोल्नु पूर्व जानकारी दिन खोजिएको छ । उद्योगीहरुले उत्पादनको प्रकृति हेरी यन्त्र वा उपकरण छान्न, तीनका इफिसियन्सी, उर्जा उपभोग र आर्थिक भारका बारेमा अग्रीम जानकारी समेत प्राप्त गर्न सक्छन् । आफूलाई आवश्यक पर्ने जनशक्ति, बैक बाट लिनु पर्ने ऋृण तथा ब्याजका बारेमा, इन्सुरेन्स प्रिमियमका बारेमा सचेत रहन्छन ।

उद्योगलाई आवश्यक पर्ने वार्षिक स्थीर खर्च, चल खर्च तथा भैपरिआउने खर्च, वार्षिक आम्दानी नाफा नोक्सानीको आकलन समेत प्रस्तुत स्कीममा खुलाइ सम्पूर्ण उद्यमीहरुलाई सजिलो बनाइएको छ ।

अझै वातावरणीय प्रतिकूल प्रभावका बारेमा जडान गर्नु पर्ने संयन्त्र तथा उद्योगी स्वयं वातावरण प्रति चनाखो र  सक्रिय हुन अपनाउनु पर्ने तथ्य समेत यस स्कीममा उल्लेख गरिएको छ ।  यस स्कीमले उत्पादन प्रकृया, वातावरणीय पक्ष तथा रोकथामका उपायहरु, कामदारको स्वास्थ तथा सुरक्षा, तालीम र अग्नी तथा विद्युतीय आकस्मिक घटनाका बारेमा समेत समेटेको छ  ।

**लोक्ताबाट नेपाली कागज उत्पादन गर्ने प्रकृयाः**

**भण्डारण**

उत्पादनको लागि आवश्यक लोक्ता तथा अन्य रसायनहरु पानीले नभिज्ने ओत लागेको ठाउमा भण्डारण गरिन्छ ।

**लोक्ता केलाउने**

भण्डारण गरिएको लोक्तालाई केलाएर बिग्रेको र काम नलाग्ने लोक्ता छुट्याइन्छ जुन ठोस खेर बस्तुको रुपमा निस्कन्छ ।

**लोक्ता पकाउने**

केलाइसकेको लोक्तालाई २४ घण्टा जति पानीमा भिजाएर काष्टिक सोडामा ६ देखि ८ घण्टा सम्म पकाइन्छ । लोक्ता पकाउन दाउरा र भूसको प्रयोग गरिन्छ । यस प्रकृयामा खरानी, फोहर पानी तथा धुँवा खेर बस्तुको रुपमा निस्कन्छ ।

**धुलाई**

पकाइसकेको लोक्तालाइ सफा पानीले धोइन्छ । यस प्रकृयामा फोहर पानी खेरको रुपमा निस्कन्छ ।

**ब्लिचिङ्ग प्रकृया**

धोइसकेको लोक्तालाई सेतो बनाउन ब्लिचिङ्ग पाउडरको घोलमा भिजाएर ८ देखि १२ घण्टा सम्म राखिन्छ । त्यस पछि फेरी धुने काम गरिन्छ ।

**बिटिङ्ग प्रकृया**

धोएको लोक्ताबाट पल्प निकाल्न बिटिङ्ग मेसिनमा गलाउने काम हुन्छ त्यस पछि छानेर पल्पलाई पानीबाट छुट्याइन्छ । यस प्रकृयामा प्रयोगभैसकेको फोहर पानी र मसीना पल्प केही उछिट्टिएर र केही पानी संगै खेर जान्छ ।

**कागज सेटिङ्ग**

छानेर ल्याएको पल्पलाइ नूरी भन्ने रसायन संग पानीमा फिटेर घोल जस्तै बनाइन्छ र जालीको ट्रेको सहायताले कागज सेट गर्ने काम हुन्छ ।

**सुकाउने**

ट्रेमा सेट भएको पल्पलाई घाममा सुकाइन्छ र सुकेपछि लोक्ताको कागजको रुपमा तयार हुन्छ । त्यसलाई बिस्तारै उत्काएर निकालिन्छ । यस प्रकृयामा च्यातिएको कागज ठोस खेर बस्तुको रुपमा निस्कन्छ जस्लाई पुनः प्रयोग गर्न सकिन्छ ।

**जाँच प्रकृया**

तयार भएको लोक्ताको कागजलाई जाँचेर नच्यातिएको र राम्रो कागजमा छुट्याइन्छ । यस प्रकृयामा च्यतिएको र बिग्रेको कागज खेरको रुपमा निस्कन्छ जसलाई पुनः प्रयोग गर्न सकिन्छ ।

लेक्ताको हाते कागज उत्पादन प्रकृया प्रवाह

| आगत (Input) | प्रकृया (Process) | निर्गत (Output) |
|---|---|---|
| कच्चा लोक्ता<br>रसायनहरु<br>श्रम | भण्डारण | विग्रेको लोक्ता<br>काम नलाग्ने लोक्ता<br>रसायन पोखिने |
| श्रम | लोक्ता केलाउने | बिग्रेको तथा काम नलाग्ने लोक्ता<br>बाह्य पदार्थहरु<br>धूलो |
| पानी<br>काष्टिक सोडा<br>दाउरा<br>भुस<br>श्रम | लोक्ता पकाउने | खरानी<br>फोहर पानी<br>धुँवा तथा पानीको वाफ<br>खेर गएको ताप |
| पानी<br>श्रम | धुलाई | लेदो<br>फोहर पानी |
| पानी<br>ब्लिचिङ्ग पाउडर<br>श्रम | ब्लिचिङ्ग प्रकृया | फोहर पानी |
| पानी<br>श्रम | धुलाई | फोहर पानी |
| पानी<br>बिजुली | बिटिङ्ग प्रकृया | पल्प सहितको फोहर पानी<br>ध्वनी प्रदुषण |
| नूरी<br>श्रम | कागज सेटिङ्ग | पल्प सहितको फोहर पानी |
| श्रम | सुकाउने | च्यातिएका कागज<br>वाष्पिकरण |

↓ सुकेको तयारी लोक्ता कागज

# वातावरणीय पक्ष

## प्रदुषणको किसिम

प्रस्तुत उद्योगबाट खास गरी निम्नानुसारको खेर पदार्थको निस्काशन वा प्रदुषणबाट वातावरणमा असर पार्न सक्ने देखिन्छ ।

| सि.नं. | प्रदुषणको किसिम | निश्कासन हुने बस्तुहरु |
|---|---|---|
| १ | ठोस खेर पदार्थ | विग्रेको लोक्ता,  काम नलाग्ने लोक्ता, खरानी, लेदो, च्यातिएका तथा विग्रेका लोक्ता कागज, कागजका काम लाग्ने तथा नलाग्ने टुक्राहरु र बिग्रेका तथा वहिष्कृत सामानहरु खेरको रुपमा निस्कन्छ । |
| २ | तरल खेर पदार्थ | लोक्ता पकाउदा धुंदा र ब्लिचिङ्ग गर्दा फोहर पानी निस्कन्छ । |
| ३ | ध्वनी प्रदुषण | बिटिङ्ग र अरु मेशिनहरुको संचालनबाट केही मात्रामा ध्वनी उत्पन्न हुन्छ । |
| ४ | वायु प्रदुषण | लोक्ता पकाउदा निस्कने धुँवा |

## रोकथामका उपायहरु

| सि.नं. | प्रदुषणको किसिम | रोकथामका उपायहरु |
|---|---|---|
| १ | ठोस खेर पदार्थ | विग्रेको तथा काम नलाग्ने लोक्ता लोक्ता पकाउदा बाल्न सकिन्छ । काम लाग्ने लोक्ता कागजका टुक्राहरु पुनः प्रयोगमा ल्याउने । काम नलाग्ने र बिग्रेका तथा वहिश्कृत सामानहरु लाई पुनः प्रयोग गर्न सकिन्छ । |
| २ | तरल खेर पदार्थ | लोक्ता पकाउदा, धुंदा र ब्लिचिङ्ग गर्दा निस्कने फोहर पानीलाई एक खाडलमा जम्मा गरी आवश्यक रसायन हालेर Neutralize गरिसकेपछि फालिन्छ । |
| ३ | ध्वनी प्रदुषण | उत्पादनको क्रममा निश्कने आवाजबाट वातावरणमा पर्न सक्ने प्रभावलाई न्यूनीकरण गर्न निम्नानुसारको ब्यवस्था गर्न पर्छ ।<br>➢ मेशिन जडान गर्दा फाउण्डेशन मजबुत गरी कम्पन कम गर्नु पर्छ<br>➢ मेसिनमा ग्रीज लुब्रिकेन्टहरु लगाइन्छ जसले  गर्दा कम आवाज निस्कन्छ ।<br>➢ कामदारहरुलाई एअर प्लग र अन्य सुरक्षात्मक उपकरणहरु को  ब्यबस्था गर्नु पर्छ ।<br>➢ ध्वनी प्रदुषणका कारक मेशिनहरुलाई सेड भित्रमात्र संचालन गर्नु पर्छ । |
| ४ | वायु प्रदुषण | इन्धन खपत कम गर्न र धुँवालाई कम गर्न सुधारिएको चुलो तथा सुधारिएको पकाउने भाँडो प्रयोगमा ल्याउन सकिन्छ ।<br>उत्पादन कक्षमा  एक्जष्ट फ्यान आदीको ब्यबस्थाले गर्दा प्रदुषीत बायु बाहिर जाने हुनाले वायु प्रदुषण न्यून हुन्छ । |

## सरसफाई

उद्योगबाट निस्कने खेर जाने ठोस पर्दाथ विग्रेको लोक्ता, काम नलाग्ने लोक्ता, खरानी, लेदो, च्यातिएका तथा विग्रेका लोक्ता कागज, कागजका काम लाग्ने तथा नलाग्ने टुक्राहरु र बिग्रेका तथा वहिष्कृत सामानहरु हुन् । विग्रेको तथा काम नलाग्ने लोक्तालाई लोक्ता पकाउदा बाल्ने काममा प्रयोगमा ल्याउन सकिन्छ । काम लाग्ने लोक्ता कागजका टुक्राहरु पुनः प्रयोगमा ल्याउन सकिन्छ भने काम नलाग्ने र बिग्रेका तथा वहिश्कृत सामानहरु लाई पुनः प्रयोग गर्न सकिन्छ । उत्पादन प्रकृयामा निस्कने फोहर पानीलाई एउटा खाडलमा जम्मा गरी आवश्यक रसायन हालेर Neutralize गर्न सकिन्छ ।

- कारखाना मेशिनहरु सरसफाई गरी बेला बेलामा मर्मत सम्भार गर्नु पर्छ ।
- Good House Keeping Practice अपनाउनु पर्छ ।
- सकेसम्म कागजका टुक्राहरुलाई भईंमा छरिनबाट रोक्नु पर्छ ।
- पकाउने र पखाल्ने प्रकृयामा पानी चुहिनबाट बचाइ पानीको प्रयोग गर्न कम सकिन्छ ।

### कामदारहरुको स्वास्थ्य र सुरक्षा

कामदारहरुको स्वाास्थ्य सुरक्षाको लागी प्राथमिक उपचारको व्यवस्था गर्नु पर्छ । मास्क, पन्जा जस्ता स्वास्थ्य सुरक्षाका साधनहरु उपलब्ध गराउनु पर्छ । कामदारहरुको स्वास्थ्य उपचारको लागि समय समयमा स्वास्थ्य परिक्षणको ब्यबस्था गर्नु पर्छ ।

### ध्वनी प्रदुषण:

मेशिन जडान गर्दा फाउण्डेशन मजबुत गर्नु पर्छ । जसले गर्दा मेशिन सचालन गर्दा कम्पन कम हुने छ । मेसिनमा ग्रीज लुब्रिकेन्टहरु लगाइने छ जसले गर्दा कम आवाज निस्कन्छ । कामदारहरुलाई एअर प्लग र अन्य सुरक्षात्मक उपकरणहरुको ब्यबस्था गर्नु पर्छ । ध्वनी प्रदुषणका कारक मेशिनहरुलाई छुट्टै कोठा भित्रमात्र संचालन गर्नु पर्छ ।

### ट्रेनिङ्ग:

कामदारहरुलाई आवश्यकता अनुसारको कामको तालिमको व्यवस्था गर्नु पर्छ ।

### अग्नी तथा विधुतिय आकस्मिक घटनाः

अग्नी नियन्त्रण गर्न अग्नि निवारक सिलिण्डर कारखानामा राख्न प्राथमिकता दिनु पर्छ । विद्युतिय तार जडानमा विषेश होसियारी अपनाउनु पर्छ ।